JOINT MEDIA ADVISORY

National HumanRights Commission, Nepal

UNITED NATIONS HUMAN RIGHTS OFFICE OF THE HIGH COMMISSIONER Nepal

**न्यायिक उपचार र अधिकारहरूको खारेजीः मुद्दाहरू फिर्ता लिनाले दण्डहीनता**

२०६८ असार ९

*काठमाडौं–* राष्ट्रिय मानवअधिकार आयोग (आयोग) र मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय–नेपाल)ले आज "न्यायिक उपचार र अधिकारहरूको खारेजीः नेपालमा गम्भीर अपराधका मुद्दाहरू फिर्ता" शीर्षकको कानुनी धारणापत्र सार्वजनिक गरेका छन्।

नेपालका बन्धनकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दायित्वहरूलाई आधार मान्दै सो संयुक्त पत्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराध ठहर्ने मानवअधिकार उल्लङ्घनहरूमा अनुसन्धान र अभियोजन गर्नुपर्ने एवं दुर्व्यवहार खेपेको भनी पत्ता लागेकाहरूलाई प्रभावकारी कानुनी उपचार उपलब्ध गराउनुपर्ने सरकारको जिम्मेवारीमाथि प्रकाश पारेको छ। तर, त्यसको सट्टा सरकारले यस्ता धेरै मुद्दालाई राजनीतिक निर्णय र जोडघटाउका आधारमा फिर्ता लिएको छ।

"मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घन भएका मुद्दाहरू फिर्ता लिने कार्यले फौजदारी जवाफदेहीता सुनिश्चित गर्ने सरकारका कानुनी प्रतिबद्धताहरूलाई उल्लङ्घन गर्ने मात्र होइन ठूला अपराधका लागि जिम्मेवारहरूलाई विगतका र जारी उल्लङ्घनका लागि जवाफदेही बनाउने र दण्डहीनताको अन्त्य गर्ने उसले पटकपटक गरेका बाचाहरूलाई समेत अवमूल्यन गर्दछ," उच्चायुक्तको कार्यालय–नेपालकी प्रमुख ज्योति साङ्घेराले भन्नुभयो। "यस सम्बन्धमा प्रधानमन्त्री झलनाथ खनालले उचित प्रक्रिया नअपनाइकन सरकारले यी मुद्दाहरू फिर्ता लिन सक्दैन भन्ने आज सञ्चारमाध्यममा आएको भनाइलाई हाम्रो कार्यालयले सकारात्मक विकासक्रमका रूपमा लिएको छ।"

संयुक्त पत्रले हालैका कानुनी सुधारका पहलहरूलाई मूल्याङ्कन गरी चालु र भावी कानुनी तथा संवैधानिक प्रस्तावहरू नेपालका अन्तर्राष्ट्रिय कानुनी दायित्वअनुरूप हुने कुरा सुनिश्चित गर्न सिफारिस गरेको छ। आफ्नो नयाँ संविधान एवं सत्य निरूपण तथा मेलमिलाप आयोग र फौजदारी कार्यविधि संहिता सम्बन्धी मस्यौदा विधेयकलाई अन्तिम रूप दिंदा राष्ट्रिय कानुनी खाकालाई अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोत्तम अभ्यासहरूअनुरूप बनाउने अवसर नेपाललाई छ।

"फिर्ता लिने यी कार्यहरूले राजनीतिक रूपमा आबद्ध व्यक्तिहरूलाई सयौं गम्भीर अपराधसम्बन्धी फौजदारी जवाफदेहीताबाट संरक्षण प्रदान गर्ने कार्य गरेको छ," आयोगका आयुक्त तथा प्रवक्ता गौरी प्रधानले भन्नुभयो। "देशमा दिगो शान्तिका लागि तथा उस्तै खालका दुर्व्यवहारहरू फेरि नहोऊन् भन्ने कुरा सुनिश्चित गर्ने कार्यमा मद्दत गर्न जवाफदेहीता र कानुनी शासनमा आधारित न्याय प्रणाली निर्माण गर्न यी मुद्दाहरूको अनुसन्धान र अभियोजन हुनु अत्यावश्यक छ।"

आयोग र उच्चायुक्तको कार्यालयको संयुक्त पत्र "न्यायिक उपचार र अधिकारहरूको खारेजीः नेपालमा गम्भीर अपराधको मुद्दाहरू फिर्ता"लाई डाउनलोड गर्न यो ठेगानामा जानुहोस्।
**www.nhrcnepal.org** वा **http://nepal.ohchr.org**.
**यस संयुक्तपत्रको नेपाली अनुवाद पनि वेबसाइटमा चाँडै उपलब्ध गराइनेछ।**


| | | |
|---|---|---|
| National Human Rights Commission, Nepal | Tel: +977 1 5010015, 16, 17, 18<br>Fax: + 977 1 5547973<br>Website: www.nhrcnepal.org | For further information, contact<br>Bhanubhakta Acharya<br>Ext: 161<br>Email: bhanubhakta.acharya@nhrcnepal.org<br>nhrc@nhrcnepal.org |
| Office of the High Commissioner for Human Rights | Tel.: + 977 1 4280164<br>Fax: + 977 1 467 0712<br>Website: http://nepal.ohchr.org | Chun Gurung<br>Ext. : 320<br>Email: cgurung@ohchr.org<br>Mobile: 98510 16937 |